राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– ७, भदौ १९ गते शुक्रबार, २०८३ (4 September, 2026) | www.janajibro.com | मूल्य रू. १०।-


# सरकारलाई पूर्वअर्थमन्त्रीका १८ सुझाव

## शीघ्र उद्धार, तत्कालीन राहत र दीर्घकालीन पुनर्स्थापनाबारे सरकारलाई वर्षमानका सुझाव

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** पूर्व-अर्थमन्त्री एवम् नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रधानमन्त्री बालेन्द्र शाहसँग भेट गरी १८ बुँदे लिखित सुझाव समेत दिएका छन् । महाविपत्ति निम्त्याउने गरी रसुवाको भोटेकोशी हुँदै त्रिशुली नदीमा भदौ १० गते आएको प्रलयकारी बाढीपछिको उद्धार, राहत तथा पुनर्स्थापनाका विषयमा भएको छलफलसँगै पूर्वअर्थमन्त्री पुनले ती सुझाव दिएका हुन् ।

बिहीबार बिहान भएको उक्त भेटमा रोल्पाबाट निर्वाचित जनप्रतिनिधि पुनले रसुवा-नुवाकोट बाढीमा बेपत्ता रोल्पाका २५ जना सहितका सबै नागरिकको खोजी, उद्धार एवं तत्कालीन राहत था दीर्घकालीन पुनर्स्थापना समेतको विषय समेटेर आफूले १८ बुँदे सुझाव दिएका नेता पुनले बताए । बाढीबाट प्रभावित पूर्वाधारलाई कसरी पुनः सञ्चालन गर्ने भन्ने विषयमा समेत उनीहरूबीच छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्यालयमा बुझाइएको सुझावको प्रति जनजिब्रोलाई प्राप्त भएको छ । यस्ता छन् नेता पुनले प्रधानमन्त्रीलाई दिएका १८ सुझाव :





*सम्माननीय प्रधानमन्त्रीज्यू,*
*प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय*
*सिंहदरबार, काठमाडौं ।*

*महाविपत्ति निम्त्याउने गरी १० भाद्र २०८३ मा रसुवा-भोटेकोशी तथा त्रिशूलीमा आएको प्रलयकारी बाढीका कारण देश शोक र अत्यन्त कठिन अवस्थामा छ । सरकार, राज्यका सम्पूर्ण निकाय, राजनीतिक दल, नागरिक समाज तथा आम नेपाली जनताले राष्ट्रिय एकता प्रदर्शन गरेर यो महाविपत्तिले पुऱ्याएको क्षति, उत्पन्न समस्या र चुनौतीहरूको सामना गर्नुपर्ने छ । यस सन्दर्भमा प्रभावित क्षेत्रको अनुगमनको अनुभवसहित तत्कालीन र दीर्घकालीन विषयमा सुझावहरू प्रस्तुत गरेको छु ।*

क्रमशः अन्तिम पृष्ठमा

# ‘कसैको पनि अनुहार हेर्नुनपर्ने के हो यो तरिका ?’

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री एवम् नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा संसदीय दलका नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले प्रधानमन्त्री वालेन्द्र शाहले कसैको अनुहार हेर्न नचाहेकामा आपत्ति जनाएका छन् । भदौ १० गतेको भोटेकोशी बाढीका विषयमा बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै संयोजक प्रचण्डले सबैको पूरापूर साथ हुँदाहुँदै पनि सरकारले काम गर्न नसकेको खुलाउँदै प्रधानमन्त्रीको शैलीप्रति आपत्ति प्रकट गरेका हुन् ।

देशमा संकट आएको यस्तो बेला सरकारको नेतृत्व संवेदनशील हुनुपर्ने धारणा राख्दै संयोजक प्रचण्डले भने- ‘सरकारको मुख्य नेतृत्व संवेदनशील र जिम्मेवार हुनुपर्ने हो । आज आउनुभयो, केही ब्रिफिङ सुनाउनुभयो । म उहाँलाई यस अर्थमा त धन्यवाद नै भन्न चाहन्छु ।’ प्रचण्डले थपे- ‘तर उहाँले अरुलाई पनि विश्वासमा लिनुपर्छ, अरुका अनुभव पनि महत्त्वपूर्ण हुनसक्छन् भन्नेतिर ध्यान दिएजस्तो लागेन ।’ प्रधानमन्त्री शाहले आफ्नै दलका सांसदलाई समेत विश्वासमा लिन नसकेकामा पूर्वप्रधानमन्त्री प्रचण्डले दुःख व्यक्त गरे । ‘संसदलाई विश्वासमा लिनु भनेको खाली प्रतिपक्षका सांसदलाई मात्रै होइन, उहाँको कार्यशैलीले के देखाउँछ भने आफ्नै दलका सांसदलाई विश्वासमा लिने मेहनत समेत उहाँले गरेको मैलेचाहिँ देखिनँ’- प्रचण्डले भने । प्रतिनिधिसभालाई सम्बोधन गरेपछि प्रधानमन्त्री शाह कसैको सम्बोधन नसुनी र कुनै दलका सांसदसँग सामान्य बोलचाल समेत नगरी बाहिर निस्किएकोतर्फ औंल्याउँदै पूर्वप्रधानमन्त्री प्रचण्डले प्रश्न गरे- ‘उहाँ आउनुहुन्छ, कसैको अनुहार नहेरी जानुहुन्छ । यो के तरिका हो ?’ उनले थप प्रश्न गरे- ‘यस्तो त हुँदैन, प्रधानमन्त्री त हामी सबैको प्रधानमन्त्री हो नि !’ विपद्को बेलामा सबै दल प्रधानमन्त्री शाहलाई सहयोग गर्न तयार भए पनि उही आफैंले एक्लै मात्र हिँड्न खोजिरहेकामा पूर्वप्रधानमन्त्री प्रचण्डले असन्तुष्टि व्यक्त गरे । ‘कसैको पनि अनुहार हेर्नुनपर्ने के हो त्यो तरिका ?’ उनले भने- ‘यो तरिकाले त हुँदैन ।’

**विपद्मा सुरक्षाकर्मीसँगै जनपरिचालन पनि**

**यसैबीच**, संयोजक प्रचण्डले राष्ट्रिय विपत्तिको अवस्थामा सरकारले सबै पक्षलाई विश्वासमा लिएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । बुधबार प्रतिनिधिसभा बैठकलाई दलीय आधारमा मन्तव्य राख्दै उनले संकटको समयमा सरकार जनताको साथमा हुनुपर्ने समेत बताएका छन् । ‘भोटेकोशी महाविपत्तिको सामना गर्न सबै तहको सरकार, जनप्रतिनिधि, नागरिक समाज र आमनारिकलाई विश्वासमा लिएर परिचालन गर्नुपर्छ’ संयोजक दाहालले भने ‘सुरक्षाकर्मी परिचालनले मात्रै पुग्दैन,

क्रमशः अन्तिम पृष्ठमा

# फुटको शृङ्खला र क्रान्तिकारी पुनर्गठन

**समय सन्देश**

डा. ऋषिराज बराल

पार्टी एकता र फुट पनि मौसमी हाटबजारजस्तो बनेको छ । अमुक पार्टीमा ‘विद्रोह, अमुक पार्टीमा फुट, अमुक पार्टीको अमुक पार्टीसित एकता जस्ता रङ्गीविरङ्गी शब्दहरूले सामाजिक सञ्जाल भरिएको पाइन्छ । किन फुट भयो ? कसको लहडमा फुट भयो, कसलाई नेता बनाउन फुट भयो ? र किन फेरि त्यही स्थितिमा ‘एकता’ भयो भन्ने कुराको उत्तरको कतै छेउटुप्पो पाइँदैन । फुटमा पनि लामो अन्तर्सङ्घर्ष चल्दैन । अनि केका लागि एकता गर्ने, कस्तो सङ्गठन बनाउने ? यी सन्दर्भहरूसित वैचारिक राजनीतिक पक्ष, कार्यदिशा कार्ययोजना र नेतृत्व सबै गाँसिएर आउँछन् । यस विषयमा चाहिँ खासै बहस हुँदैन । नेताको कामकारबाही र क्षमतामाथि अलिकति प्रश्न उठायो भने नेताले आफ्नो कुर्सी खतरामा ठानेर कार्यकर्तामाथि डन्डा बर्साउने र कार्यकर्तालाई पनि केही कुरामा चित्त बुझेन भने वरिपरिका दुईचार जनाको हाहाहुहु टोली बनाएर हिँडिहाल्ने गरेको पाइन्छ । वैचारिक पक्षले भन्दा ‘म कहाँ’ र ‘मलाई के’ भन्ने कुरा तलदेखि माथिसम्म प्रभावी बनेको देखिन्छ । पार्टी पार्टीजस्तो नभएर गँजेडीहरूको अड्डा बनेको देखिन्छ । न विगतको समीक्षा हुन्छ, न वर्तमानको विश्लेषण र संश्लेषण नै । सबै तदर्थमा चलेका हुन्छन् । समीक्षा र आत्मालोचनाको पाटो भएर अघि बढ्न कोही तयार हुँदैनन् । त्यसपछि रातारात एकता अनि रातारात फुटका शृङ्खलाहरू चल्न थाल्छन् ।

नेपालमा कम्युनिस्ट नाम टाँसेका नव-प्रतिक्रियावादी, संशोधनवादी र क्रान्तिकारी

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३२, अङ्क- ७, भदौ १९ गते शुक्रबार, २०८३

## सम्पादकीय

# उद्धार, राहत र पुनर्स्थापनामा गम्भीर बन

भोटेकोशीमा आएको भीषण बाढीबाट भयङ्कर पीडामा परेका बेपत्ता, घाइते तथा बिचल्लीग्रस्त नागरिकहरूको यथासम्भव शीघ्रातिशीघ्र उद्धार, राहत र पुनर्स्थापनाका लागि सवैखाले आग्रह-पूर्वाग्रह, निषेध र प्रतिस्पर्धा त्यागेर सिङ्गै मुलुक एकजुट भएर लाग्नु अहिलेको सर्वाधिक प्राथमिकताको आवश्यकता हो।

अनेकथरी दल र भिन्नभिन्न विचारमा विभक्त नेपालीहरूले दलीय तथा वैचारिक मतभिन्नतालाई पूर्णरूपमा बिर्सेर/थाती राखेर यो संकटको घडीमा ऐतिहासिक तदारुकता देखाउनु पर्दछ। मुख्यतः संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूले उच्च जिम्मेवारीबोध गर्नु पर्दछ र तिनले सवैखाले संकीर्णता त्यागेर सम्भव भएसम्मका सवै उपाय यसैमा लगाउनु पर्दछ। उद्यमी, व्यवसायी, ठूलो रोजगारीयुक्त र धेरथोर आम्दानी भएका सवै नागरिकले आ-आफ्नो गच्छेअनुसार पीडितहरूको उद्धार, राहत र पुनर्स्थापनामा दिल खोलेर योगदान गर्नु पर्दछ।

उद्धारकर्मी, सुरक्षाकर्मी, कर्मचारी, स्वास्थ्यकर्मीलगायतले त सम्भव भएसम्मका प्रयत्न जारी नै राखेका छन्, उनीहरूप्रति आभार प्रकट गर्दै अझै गर्न सकिने थप के छन्, त्यसतर्फ प्रयत्न गर्नु पर्दछ। प्रविधि, ज्ञान-अनुभव र स्रोत-साधनका निम्ति स्वदेशमा मात्रै भर नपरी विश्वव्यापीकरणको वर्तमान समयमा यथासम्भव छिमेकी मित्रराष्ट्र तथा अन्तर्राष्ट्रियजगत्‌बाट साथ-सहयोग प्राप्त गर्न समेत कन्जुस्याइँ गरिनुहुँदैन।

# फुटको शृङ्खला र क्रान्तिकारी...

प्रवृत्ति बोकेका तीन थरी पार्टीहरू छन्। नेपाली समाजमा दस बर्से महान् जनयुद्धको विरासतसित गाँसिएका र नेपाली समाजको अहिलेको विशिष्ट परिस्थितिमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मानेर क्रान्ति सम्पन्न गर्न अगाडि सरेकाहरूको राम्रो उपस्थिति भए पनि यसले सङ्गठित रूपमा गति र दिशा लिन सकेको स्थिति छैन। क्रान्तिकारी भनिएका पार्टीहरूभित्र थरीथरीका स्कुलिङका उत्पादन छन्।

विभिन्न मुहानबाट आएर आसन जमाएकाहरूको विभिन्न मानसिकताको प्रदूषणले क्रान्तिकारी भनिएका समूहहरू प्रदूषित छन्। कतिपय कार्यकर्ताहरू आफ्नो पार्टीको भताभुङ्ग र लथालिङ्ग स्थितिप्रति चिन्तित र गम्भीर पनि देखिन्छन्, ‘पार्टी बिग्रियो” भन्ने छटपटी पाइन्छ तिनमा। तर, उनीहरूले समस्याको जड बुझ्न सकेका हुँदैनन् र अथवा बुझेर पनि तिनलाई हल गर्ने ‘साहस का साथ पाइला चाल्न सकेको पाइँदैन। समस्या विचारमा हो कि सङ्गठन परिचालनमा, अथवा नेतृत्वमा भन्ने कुरामा प्रस्ट हुनु आवश्यक हुन्छ। समस्या कार्यकर्तामा भन्दा पनि नेतृत्वपङ्क्तिमा छ भनेर बुझ्न नसक्नु नै अहिलेको प्रमुख समस्या बनेको छ।

जनयुद्धको विसर्जन गरेर माओवादी पार्टी ‘शान्तिप्रक्रिया’ मा आएपछि थुप्रै फोहोरमैला भित्रिए। आफ्नो अनुकूलता र स्वार्थलाई ध्यान दिँदै नेतृत्वमा रहेकाहरूले एकताका नाममा थरीथरीकालाई मिसाउँदै गए। पार्टीमा फुट र विभाजनको स्थिति भएपछि त झन् चारै ढोका खुल्दा रहेछन् र सबै ढोकाबाट ह्वार्ह्वार्ती पस्तो रहेछ, पसाइँदो रहेछ प्रदूषित हावा। अनि पार्टीमा वैचारिक र भौतिक ढसमस्सताका साथ प्रदूषित हावाहरूकै राइँदाइँ चल्दो रहेछ। जनयुद्धकालका हत्याराहरू नै भए पनि ती रातारात ‘श्रद्धेय कमरेड’ मा फेरिँदा रहेछन्। अनि पार्टीमा विस्तारै क्रान्तिकारीहरू किनारा लाग्ने स्थिति बन्दो रहेछ। यो हामीले हेर्दै र भोग्दै आएको यथार्थ हो।

प्रचण्डसित विद्रोह गरेर बनेको नेपाल कम्युनिस्ट पार्टी-माओवादी, अनि एकतामा केही सङ्ख्या थपेर बनेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र अहिले एकताका नाममा केही व्यक्ति थप र घट भएर बनेको ‘क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालको पार्टी यात्रा हेर्दा क्रमिक रूपमा यो पार्टी वैचारिक स्खलन र साङ्गठनिक विसर्जनको दिशामा गएको कुरा प्रस्ट हुन्छ। थपिनेले आफ्नो विरासत लिएर आउँछ नै। यसका पछाडि एकताका नाममा गरिने गरिएको सम्झौतावादी प्रवृत्ति र नेताहरूमा निहित हामीले जे गरे पनि हुन्छ, आफू सुरक्षित भए पुग्छ भन्ने केन्द्रीयतावादी-हैकमवादी प्रवृत्तिले काम गरेको छ। क्रान्तिकारी भनिएकाहरूबीच यताका दुई वर्षभित्र एकता र फुटका नाममा जे-जस्तो रमाइलो मेला देखियो, उदेक लाग्दो स्थिति उत्पन्न हुनु स्वाभाविक छ। तर, नेतृत्व तहमा रहेकाहरूले जिम्मेवारी बोध गरेर आत्मसमीक्षा गर्नु आवश्यक ठान्दा रहेनछन्। यो हाम्रो आन्दोलनको विडम्बनात्मक स्थिति हो।

यथार्थतः जबसम्म मिलेरावादी प्रवृत्ति र जातीयतावादी अतिवादी प्रवृत्तिहरू पार्टीहरूमा विद्यमान रहन्छन्, अझ माथिल्लो तहमै हाबी हुन्छन्, खास पार्टीले मालेमा, नयाँ जनवादी क्रान्ति, सशस्त्र सङ्घर्ष र वैज्ञानिक समाजवाद जे -जे भने पनि ती पार्टीले क्रान्तिकारी दिशा र गति लिन सक्तैनन्। ती गोलचक्करमै रहन्छन्, अथवा बैठकदेखि बैठकसम्म र विमर्शदेखि विमर्शसम्म सीमित रहन्छन्। यसको अन्तिम परिणति भनेको विघटन र विसर्जन हुन्छ। संशोधनवादले मिलेरावादी प्रवृत्ति बोकेकालाई सदैव उत्साहित र प्रोत्साहित गरिरहन्छ, आकासपाताल जोडेर नजिक ल्याउँन, आफ्नो बनाउँन खोजिरहन्छ, लोभ र प्रलोभनद्वारा आकर्षित गरिरहन्छ।“‘जनमत सङ्ग्रह’ द्वारा वैज्ञानिक समाजवाद ल्याउने” कुरामा सहीछाप ठोक्नेहरू सोही विरासत बोकेर आउने कुरा अचम्मको कुरा भएन, “हामीले गलत सोचेछौँ र गलत गरेछौँ” भनेर उहाँहरूले भनेको कतै सुनिएन र पढ्न पनि पाइएको छैन। त्यसै गरी क्रान्तिकारी पार्टीभित्र छिद्र खोज्दै साम्राज्यवादले जातीयतावादी अतिवादलाई मलजल प्रदान गर्छ, आवेग र 'पहिचानवाद’ को राजनीतिमार्फत क्रान्तिकारी धारलाई मिहिन पाराले सिथिल पारेर विर्सजन र भद्रगोलको स्थितिमा पुर्याउँछ। हामीले यसलाई व्यवहारमा देखिसकेका छौँ। गलत प्रवृत्तिहरूलाई साथ लिएर र फोहोरमैलासित सम्झौता गरेर भएका पार्टी एकताहरू दिगो र कामकाजी हुन सक्तैनन्, भएका छैनन्। अहिले मोहन बैद्यले नेतृत्व गरेको समूहमा भएको फुटको शृङ्खलामा निहित यथार्थको यो पनि एउटा पाटो हो।

पार्टीलाई जीवन्त बनाउने सही उपाय भनेको फोहोरमैलाको पहिचान र सरसफाइ नै हो। पार्टीलाई सही दिशातिर लैजाने प्रारम्भिक पाइला भनेको वैचारिक र सङ्गठनात्मक शुद्धीकरण नै हो। डुङ्डुङ्ती गन्हाउने फोहोरमाथि अत्तर छरेर हुनेवाला छैन। यसले धान्नेवाला छैन, तलदेखि माथिसम्म दुर्गन्धित छ भने सानोतिनो सरसफाइले पनि पुग्ने स्थिति हुँदैन। समस्या माथि छन्, तल डण्डा बर्साउने प्रवृत्तिले निम्त्याउने भनेको विभाजन र विसर्जन नै हो। वैचारिक शुद्धीकरण र सङ्गठनात्मक शुद्धीकरण एकअर्काका पुरक हुन्।

प्रचण्डसित हुँदाको समयमा पालुङ्टार विस्तारित भेलाअघि कमरेड किरणले ‘अन्नपूर्ण’ दैनिकमा “म पनि फस्ट म्यान भएर पार्टी हाँक्न सक्छु” भन्ने भावको अन्तर्वार्ता दिनुभएको थियो। प्रचण्डसितको विद्रोहपछिको समग्र स्थितिको अध्ययन गर्दा माओवादी आन्दोलनको नेतृत्वमा रहेका भ्रष्टहरूका बीचमा कमरेड किरण वैचारिक तहमा आधारभूत रूपमा सही पात्र हुनुहुन्छ। लेख्नेपढ्ने कुरामा पनि वहाँ कुशल हुनुहुन्छ। तर, यति मात्रले पार्टी हाँक्ने र कुशल नेतृत्व दिने कुरा नहुँदो रहेछ। पार्टीमा मूल नेतृत्वको सन्दर्भमा वहाँ असफल भएको कुरा सही हो। कमरेड मोहन बैद्यभित्र नेतृत्व कौशलको अभाव र गतिशीलताको समस्या रहेछ भनेर व्यवहारद्वारा साबित भएको यथार्थ हो। रुटिनबद्धता र अनुभववादले मात्रै पार्टी किन चल्दो हो र ! यो आत्मबोध र आत्मसमीक्षाको विषय हो। अहिले माओवादी आन्दोलन टुटफुट र विभाजनका साथै गम्भीर सङ्कट र विसर्जनको अवस्थामा पुग्नुका पछाडि मूल नेतृत्वसहित माथिल्लो तहको नेतृत्वदायी टिमभित्ररहेको समस्या नै प्रमुख कारक बनेको छ।

एकताका नाममा पात्रहरू भित्रिनु भनेको व्यक्ति मात्र होइन, प्रवृत्ति पनि भित्रिनु हो। नेकपा-माओवादीबाट विप्लव जत्था बाहिरिएपछि त्यहाँ माओवाद विरोधी, दसबर्से जनयुद्ध विरोधी, चुनाववादी र चरम जातीयतावादी एउटा गजबको जमात योजनाबद्ध किसिमले भित्रियो/भित्र्याइयो। हिजो जनयुद्धको समयमा विद्यार्थी नेता विपिन भण्डारी पक्राउ गराउने र काठमाडौँ जिल्ला पार्टीका कमरेडहरू पक्राउ गराउने भनेर भौतिक कारबाहीको सूचीमा परेका व्यक्ति पोलिट ब्युरो ‘कमरेड’ बनेर पार्टीमा भित्रिँदा त्यतिबेर पक्राउ पर्ने कमरेडलाई कस्तो पीडा भयो होला ? यथार्थतः यताका दिनमा भएका कतिपय यस्तै एकता पीडाका माध्यम बनेका छन्। एकताका नाममा हुने यस्ता सन्दर्भहरूले विस्तारै पार्टीलाई वैचारिक र साङ्गठनिक विचलन र पतनको दिशामा प्रवृत्त गराउँछन्। तर बैद्य समूहले यसको समीक्षा गर्नु आवश्यक ठानेन। पछिल्लो समयमा यो यति सारो अर्थवादी भयो कि यसले मानव तस्करका रूपमा परिचित पात्रको संरक्षणमा सिङ्गो पार्टी पङ्क्तिलाई होम्ने प्रयास गर्यो।

संसोधनवादीहरू अनेक भ्रम दिइरहेका छन्। समाजवादी केन्द्र’ के-के केन्द्र बनाउने नाममा कम्युनिस्ट आन्दोलनलाई विसर्जनमा पुर्याउने खतरनाक योजनामा तल्लिन छन् र साम्राज्यवादीहरू इन्डोनेसियाको जस्तो नभएर घुमाउरो बाटो लिइरहेका छन्, संसदबाटै सबै कुरा भ्याउन खोजिरहेका छन्। अहिले क्रान्तिकारीहरूबीच वैचारिक र राजनीतिक एकताका साथ दरिलो सङ्घर्ष-मोर्चा निर्माण गर्नुपर्ने आवश्यकता थियो र छ। ‘फेबिकोल’, त्यो पनि नक्कली फेबिकोलले दुईचार दिन धान्ला, फुट र विघटनको इतिहास टर्न सक्ने स्थिति छैन।

पछिल्लो समयमा सन्तबहादुर नेपालीको नेतृत्वमा रहेको नेकपा (मशाल) किरणको नेतृत्वमा रहेको पार्टीमा मिसिन आइपुगेपछि र महाधिवेशन अनिश्चित जस्तो हुन थालेपछि नेकपा (बहुमत) समूहभित्र छटपटी बढ्न थालेको कुरा उहाँहरूका बोली र व्यवहारबाट थाहा पाउन सकिन्थ्यो। तर पनि वहाँहरूले एउटा कोर्स पूरा गर्नु सही हुन्थ्यो। एउटा खास दस्ताबेजमा सहमति भएपछि त्यसै अनुसार जानुपर्नेमा केटौले पाराले हिजो विप्लवले अँगालेकै शैलीमा नेकपा (बहुमत) भित्रको ठूलो टिम बीचैमा हिँड्नुलाई राजनीतिक अधैर्य र इमानदारीको अभाव भन्नुपर्ने हुन्छ। सरसरती हेर्दा नेकपा (बहुमत) नामको समूह नेतृत्वविहिन समूहजस्तो लाग्छ, धर्मेन्द्र कमरेडमै वैचारिक-राजनीतिक जटिल समस्याहरू छन् भन्ने कुरा उहाँको लेखाइ र बुझाइबाट थाहा हुन्छ। नेतृत्त्व भनेको खास पात्रको भौतिक उपस्थिति मात्र होइन, मूलतः विचारको नेतृत्त्व हो। वैचारिक र राजनीतिक पक्षमा गलत बुझाइ र क्रान्तिको दिशाबारे प्रस्ट नभएको यस्तो समूहको आयुबारे विश्वस्त हुन गारो हुन्छ।

वास्तवमा जसरी, जुन प्रक्रिया र पद्धतिमा नेकपा (बहुमत) नामको समूह र नेकपा ( क्रान्तिकारी माओवादी) बीच एकता भएको थियो फुटको बिउ पनि त्यसैमा थियो। यसको जिम्मा मूलतः पूर्व बैद्य समूहले लिनु र आत्मसमीक्षा गर्नुको साटो नेकपा (बहुमत) माथि दोष थोपर्नुको अर्थ छैन। सँगै बस्ता महान् कमरेड, भोलिपल्ट रातारात गद्दार र ‘भगौडा 'साम्राज्यवादको एजेन्ट’ हुँनै स्थिति बन्दैन। हाम्रो आन्दोलन यस्ता जार्गनले खुबै भरिएको छ-यो हाम्रो आन्दोलनको संस्कृति नै बनेको छ - यो विकृतिको उदाहरण हो।

रहर र लहडमा अलग्गिएका सानासाना टुक्राटाक्रीबारे टिप्पणी गर्नुको खासै अर्थ र सान्दर्भिकता छ जस्तो लाग्दैन। अब नेकपा (बहुमत) नामको समूह कुन बाटोमा हिँड्छ, बुझ्न केही समय हेर्नैपर्ने हुन्छ। पछिल्लो स्थिति हेर्दा ‘क्रान्तिकारी कम्युनिस्ट पार्टी,नेपाल’भनिने समूह पनि वैचारिक-राजनीतिक तथा साङ्गठनिक पक्षमा गम्भीर सङ्कटबाट गुज्रिरहेको कुरामा कुनै शङ्का छैन। सङ्कट पर्यो कि जे-जस्ता भेटे पनि दुईचार जना भित्र्याउने प्रवृत्तिले पार्टी, पार्टीजस्तो नभएर थकाइ मार्ने चौतारी मात्र बन्छ। अहिले पनि ‘क्रान्तिकारी कम्युनिस्ट पार्टी,नेपाल’भनिने पार्टीको मूल नेतृत्व मोहन बैद्यको वरिपरि अर्थवादी, अवसरवादी र स्वार्थी प्रवृत्तिका जे-जस्ता मान्छेहरूको जमघट छ, स्थिति हेर्दा सो समूह अझै चोइटिँदै र अन्ततः विसर्जनमा जाने प्रबल सम्भावना छ। मोहन बैद्यले नेतृत्त्व गरेको राजनीतिक समूहमा उत्तराधिकारीको मात्र होइन , प्रवक्ताको पनि समस्या रहेछ भन्ने कुरा पछिल्लो स्थितिले दर्साउँछ !

माओवादी आन्दोलनलाई विसर्जनबाट कसरी जोगाउने भन्ने कुरा गम्भीर समस्याको विषय बनेको छ। दुईचार जना थपेर अहिलेको सङ्कट समाधान हुने स्थिति छैन र सधैं आत्मगत स्थितिको रटान रटेर भ्रम दिने आवस्था पनि हुँदैन। यसका लागि दृढ ईच्छाशक्ति र सचेतन प्रयासको आवश्यकता पर्छ। पार्टीभित्र उपभोक्तावाद हाबी भएपछि आउनेजाने क्रम चलिरहन्छ। वास्तवमा अहिलेको प्रश्न भनेको कुन स्कुलिङमा ढालिएर अघि बढ्ने भन्ने प्रश्न हो। अहिले एकतामा मिसिएको सन्तबहादुर नेपालीको नेतृत्वमा रहेको समूहभित्र पनि अधिकांश पात्रहरू कम्युनिस्ट आन्दोलनमा अझ माओवादी आन्दोलनका सन्दर्भमा त झन् परिचित पात्रहरू होइनन्,रामसिंह-परि थापाहरूको टोली जस्तै माओवाद र दसबर्से जनयुद्धप्रति विरोधभाव राख्नेहरू हुन्। यिनबाट क्रान्तिकारी धारका लागि वैचारिक र राजनीतिक गुणात्मकता र उत्साह र ऊर्जा थप्ने कामकुरामा विश्वस्त हुने स्थिति छैन। यसले बढाएको भनेको सङ्ख्यात्मक मात्रा मात्र हो र त्यो पनि सानो मात्रा मात्र। विडम्बनाको कुरा के छ भने मोहन बैद्यको नेतृत्वमा रहेको राजनीतिक समूहको टाउको चाहिँ निकै फुलेको, टाउकै टाउकाले भरिएको र तलतल चाहिँ सुक्तै गएको सुकेनास लागेको रोगीमा परिणत भएको समूहका रूपमा देखापरेको छ। माथिको बोझलाई तलको नलिखुट्टाले कति दिन धान्छ, भन्न गारो छ।

यस्तो बेला गम्भीर भएर सोच्नुपर्ने अवस्था छ। हाम्रा सामु एउटा पेचिलो प्रश्न उभिएको छ– विसर्जन कि क्रान्तिकारी पुनर्गठन ? सबैले चिन्ता र चिन्तन गर्नुपर्ने यसैमा छ। के हामी तयार छौँ क्रान्तिकारी पुनर्गठनका लागि ? स्थिति कस्तो छ भने प्रतिक्रियावादी सत्ताले एउटा मुद्दा दिन्छ र क्रान्तिकारीहरूलाई खेलाइरहन्छ। यो नै अहिले अस्तित्व धान्ने मेलो भएको छ। सङ्घर्षका मोर्चाहरू लथालिङ्ग छन्। मोहन बैद्यको नेतृत्त्वमा रहेको पार्टीको 'पूर्व किरण समूह’ का इमानदार कार्यकर्ताहरू नै भन्ने गर्छन् : “सिङ्गो पार्टीका नेता हौँ भन्छन्, ‘यस म्यानहरू’ को एउटा सानो झुन्डमा रमाइरहेका हुन्छन्। यस्तो स्थितिमा पार्टीले कसरी गति लिन्छ, समस्या मूल नेतृत्व र नेतृत्त्वपंक्तिमै छ !”

टिप्पणी गर्नुपर्ने थुप्रै विषय छन् तापनि यतिखेर मार्क्सवाद-लेनिनवाद-माओवादप्रति प्रतिबद्धहरू, दसबर्से जनयुद्धको विरासतसित जोडिएका क्रान्तिका पक्षधर पार्टी, समूह र व्यक्तिहरूबीच आन्दोलनलाई कसरी नयाँ दिशा र गति दिने भन्ने विषयमा गम्भीर बहस बहसछलफल र गहन विचार विमर्शको आवश्यकता छ। अत्मसमीक्षा सहितको व्यापक वैचारिक र राजनीतिक बहसछलफलको अवश्यकता छ। कसरी एउटा क्रान्तिकारी केन्द्र बनाउने हाम्रो चिन्ता र चिन्तन यसमा केन्द्रित हुनु आवश्यक छ। यो साझा चिन्ता हुनुपर्छ। पार्टीहरूभित्र मान्छेहरूको सङ्ख्या अलि बढी होला। तर, पार्टीबाहिर क्रान्तिकारी विचारकहरूको गुणात्मक उपस्थिति छ भन्ने कुरा पनि सत्य हो। लिपपोत गर्ने र रङ्गरोगन गर्ने तथा एकताका नाममा दुईचार सङ्ख्या बढाउने कुराले खासै अर्थ राख्दैन। गुणात्मक छलाङको आवश्यकता छ र यो काम क्रान्तिकारी पुनर्गठनबाट मात्र सम्पन्न हुन्छ र गर्न सकिन्छ। (*जनमेलबाट*)

# सरकार ! यो कस्तौ शैली, कस्तो संवेदनशीलता र कस्तो जिम्मेवारी हो ?

**काठमाडौं ।** नेपाली कांग्रेस संसदीय नेता भीष्मराज आङ्देम्बेले भोटेकोशी बाढीमा बेपत्ताको भएका नागरिकको खोजीलाई तीव्र बनाउन, पीडितलाई राहत दिन र विस्थापितलाई सुरक्षित बनाउन आग्रह गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै नेता आङ्देम्बेले त्यसपछि सँगसँगै पुनर्स्थापना र पुनर्निर्माणको काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराएका हुन् ।

यस्तो प्रलयकारी महाविपत्तका समय प्रचारको समय नभएको चर्चा गर्दै उनले भने 'यो प्रचार गर्ने समय होइन । प्राण बचाउने समय हो । यो दोषारोपण गर्ने समय होइन । जिम्मेवारी पूरा गर्ने समय हो । यो राजनीतिक संख्या खोज्ने समय होइन । राष्ट्र एक भएर नागरिकको जीवन जोगाउने समय हो ।' सुरुङभित्र फसेका नागरिकको प्रभाकारी खोज तथा उद्धार गर्न, हिजोको भूकम्पमा भएको उद्धार र खोजको अनुभावबाट सिक्न, उद्धारको पर्खाइमा पीडित परिवारका क्रन्दन सुन्न, सबै तहका सरकार, निजी क्षेत्र, समुदायसँग समन्वय गरेर संघीय सरकारको नेतृत्वमा यो विपद्को सामना गर्न, शव खोजी, पहिचान र व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराएका उनले राहत वितरणमा पारदर्शिता र सहजीकरण गर्न, पुनर्स्थापना र पुनर्निर्माणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउँदै यस्तो प्रकृतिको विपदको तत्कालीन व्यवस्थापनदेखि दीर्घकालीन पुनर्स्थापना, पुनर्निर्माण, विपद जोखिम न्यूनीकरण, सरकारका कामको अनुगमन तथा आवश्यक मार्गनिर्देशनका लागि संसदीय उच्चस्तरीय विशेष समिति गठन गर्न आग्रह गरे ।

नेता आङ्देम्बेले थपे 'विपदमा सरकारका साथमा छौं भन्नुको अर्थ सरकारले गरेका सबै खर्चमाफत भन्ने होइन । राम्रो काम गर्छ-साथ समर्थन छ, बाटो बिराउँछ खबरदारी र प्रश्न छ । खास सहयोग यही होइन र ।' उनले रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको भीषण बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो जनधनको क्षतिले सबैलाई स्तब्ध बनाएको उल्लेख गरे । यो बाढीका रूपमा प्रकट भएको एक किसिमको प्रलयकारी सुनामी भएको उल्लेख गर्दै नेता आङ्देम्बेले थपे 'सम्भवतः क्षणभरमै यति धेरै क्षति एकैपटक नेपालले व्यहोर्नुपरेको थिएन !' उनले यस कठिन अवस्थामा सीमित स्रोतसाधनबीच पनि अग्रपंक्तिमा रहेर खोज, उद्धार, राहत र सुरक्षामा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधि, प्राविधिक विज्ञ, स्वास्थ्यकर्मीलगायत सम्पूर्णप्रति धन्यवाद र सम्मान व्यक्त गरे । यो राष्ट्रिय विपदमा देशभित्र र बाहिर रहेका सबै नेपालीको तत्परता र अन्तर्राष्ट्रिय समुदायको ऐक्यबद्धता र साथका लागि नेता आङ्देम्बेले धन्यवाद दिए । 'विपद कुनबेला कसरी आउँछ थाहा हुँदैन रहेछ । कांग्रेस पार्टीले यही सदनमा पनि पटकपटक 'विपद कुनै पनि बेला आउनसक्छ पूर्वतयारीमा लागौं भनेर ध्यानाकर्षण गराएको स्मरण गराउन चाहान्छु' उनको भनाइ थियो । कांग्रेसले सुरुआतदेखि नै विपदमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन 'हामी' भनेर सामना गर्नुपर्छ भनेको र आफूहरू सरकारको साथमा रहेको उल्लेख गरे । नेता आङ्देम्बेले बाढीको वितण्डा सुरु भएको पहिलो दिनदेखि नै प्रधानमन्त्री शाहलाई भेटेर तत्काल गर्नुपर्ने कामका सम्बन्धमा ध्यानाकर्षण गराएको जानकारी गराए ।

कांग्रेसले तत्काल बैठक बसेर पार्टी पंक्तिलाई परिचालन गर्ने र सरकारको सत्प्रयासमा साथ सहयोग गर्ने निर्णय गरेको भन्दै उनले सर्वदलीय बैठकमा कांग्रेसका सभापति गगनकुमार थापाले सरकारलाई स्पष्ट रूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको बताए । आफ्नो पार्टी कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड रूपैयाँ सहयोग गर्ने निर्णय गरिसकेको जानकारी गराउँदै उनले भने 'म स्वयं बाढी प्रभावित क्षेत्रमा पुगेर वास्तविक अवस्था देखेँ, पीडा, आक्रोश र गुनासा सुनेँ । त्यहाँबाट फर्किएपछि सम्माननीय प्रधानमन्त्रीज्यूलाई भेटेर ९ बुँदे ध्यानाकर्षण गराइसकेको छु । सभामुखलाई पनि भेटेर संसद तत्काल आह्वान गर्न र विपदका विषयमा संसदमा छलफल गर्न आग्रह गरेको थिएँ ।' सभापति थापा स्वयं बाढी प्रभावित क्षेत्रमा पुगेर फर्किएका छन् । अहिले पनि कांग्रेस आफ्नो पार्टी पंक्तिलाई सम्पूर्ण ढंगले परिचालन गरेको र फिल्डमा रहेको नेता आङ्देम्बेले बताए । उनले विपदको यो क्षणमा सबैको साझा कर्तव्य भएको र सबैलाई उद्धार, राहत, पुनर्स्थापनामा जुट्न आग्रह गरे ।

बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा ढिलाइ हुनु अमानवीय र गम्भीर विषय रहेको बताएका छन् । 'सुरुदेखि नै सरकारी, निजी, आवश्यक पर्‍यो भने अन्तर्राष्ट्रिय प्रविधि र दक्ष टिमसहित उद्धारमा केन्द्रित हुनुपर्ने थियो । सम्बन्धित क्षेत्रका विज्ञहरूले भनेका थिए- सुरूङ उद्धारमा घटना भएको पहिलो ७२ घण्टालाई 'गोल्डेन आवर' मानिन्छ यसबीच उद्धार गर्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ तर, निजी र अन्तर्राष्ट्रिय सहयोग लिन ढिलाइ गर्दा थप क्षतिको जोखिममा थकेल्ने काम भयो' आङ्देम्बेको भनाइ थियो 'जब बाढी आएर सुरुङमा इन्जिनियर, प्राविधिक, श्रमिक फसे भन्ने समाचार आयो सञ्जालमा आएको एउटा तस्वीर यहाँ स्मरण गराउन चाहन्छु- देशको एक जना मन्त्री टनेलको बाहिर जानुभयो रातदिन खट्नुभयो, माटो आफैं खोस्रनुभयो । फोटो जुम गरेर हेरेँ, पसिना पनि देखेँ । सबैले वाह मन्त्री पनि भने ।' त्यस क्षणपछि आफूलाई एउटा प्रश्नले घोचिरहेको उल्लेख गर्दै नेता आङ्देम्बेले थपे 'त्यो सुरूङभित्र मन्त्रीको कोही परिवार वा आफन्तको सदस्य कोही भएको भए मन्त्रीजीले प्राविधिक विज्ञ र साधन खोजेर उद्धारमा जुट्नुहुन्थ्यो की मन्त्रीले माटो खोस्रेको फोटो भिडियो वाह मन्त्रीज्यू भन्न ? जसको परिवार त्यहाँभित्र छैन उसलाई त्यो फोटोमा वाह को प्रचार ! आउँछ तर जसको सदस्य फसेको छ उसलाई त आफन्तको प्राणको चासो छ नि !'

उनले सरकारले स्थानीय सरकारलाई नसोध्ने, सम्बन्धित आयोजना र निजी क्षेत्रलाई जान नदिने, इन्जिनियर, प्राविधिक तथा विषय विज्ञहरूको कुरा नसुन्ने, आफू एक्सन नगर्ने, अरूलाई गर्न नदिने अनि सात दिन बितिसकेपछि हात उठाएर सुरूङमा आफैं खोज भनेको समेत बताए । 'यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ? यो असंवेदनशीलता त ढिलाइका कारण ति सुरुङभित्र भएको मृत्यु-मृत्यु हो कि हत्या सभामुख महोदय ? बारम्बार ध्यानाकर्षण गराउँदा पनि सरकार चुक्यो । यसको जिम्मा सरकारले लिनुपर्छ । यो मैले भनेको होइन सभामुख महोदय, आफन्त खोजेका परिवारले भनेका थिए तर उनीहरूमाथि गालीगलौज, धम्की र अपशब्द प्रयोग भए । म सरकार र सत्तासीन साथीलाई सोध्न चाहन्छु । संकटमा परेको नागरिकको आवाज सुन्ने कि दबाउने ?' उनको प्रश्न थियो 'नागरिकलाई आश्वस्त पार्ने कि थप आतंकित बनाउने ?' उनले सरकार सामाजिक सञ्जालमा अल्झिएको समेत बताए 'जोखिम समुदायमा समयमा पुगेन, सरकार परिणाम दिन र प्राण जोगाउन भन्दा प्रचार मिलाउन लाग्यो । फिल्डमा भन्दा फेसबुकमा धेरै भयो । हल्लामा लाग्यो ।'

## प्रतिनिधिसभामा सम्बोधन

**भीष्मराज आङ्देम्बे**

भीष्मराजले भने- 'आज हामी अत्यन्तै पीडादायी परिस्थितिमा यो विशेष बैठकमा उपस्थित भएका छौं । रसुवाको भोटेकोशी हुदै त्रिशुली नदीमा आएको भिषण बाढीबाट रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लामा ठूलो जनधनको क्षतिले हामी सबैलाई स्तब्ध बनाएको छ । यो बाढीको रूपमा प्रकट भएको एक किसिमको प्रलयकारी सुनामी हो । सम्भवत क्षणभरमै यति धेरै क्षति एकै पटक नेपालले व्यहोर्नु परेको थिएन । यो अकल्पनीय सुनामीको विपत्तिमा परि ज्यान गुमाउनु भएकाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना र बेपत्ता नागरिकहरू प्रभावकारी खोजी तथा उद्धारका लागि सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु । कठिन अवस्थामा सिमित स्रोत साधनका बीच पनि अग्रपंक्तिमा रहेर खोज- उद्धार, राहत र सुरक्षामा खटिनुभएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधि, प्राविधिक विज्ञ, स्वास्थ्यकर्मी लगायत सम्पूर्णप्रति हार्दिक धन्यवाद र सम्मान व्यक्त गर्दछु । यो राष्ट्रिय विपदमा देशभित्र र बाहिर रहनुभएका सबै नेपालीको तत्परता र अन्तर्राष्ट्रिय समुदायको ऐक्यबद्धता र साथको लागि धन्यवाद दिन चाहान्छु ।

सभामुख महोदय, विपद कुन बेला कसरी आउँछ थाहा हुँदैन रहेछ । नेपाली कांग्रेस पार्टीले यही सदनमा पनि पटक पटक 'विपद कुनै पनि बेला आउनसक्छ पूर्व तयारीमा लागौं' भनेर ध्यानाकर्षण गराएको स्मरण गराउन चाहन्छु । नेपाली कांग्रेसले सुरूवातदेखि नै भनेको छ- विपदमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन हामी भनेर सामना गर्नुपर्छ। हामी सरकारको साथमा छौं । बाढीको वितण्डा सुरू भएको पहिलो दिनदेखि नै प्रधानमन्त्रीज्यूलाई भेटेर तत्काल गर्नुपर्ने कामका सम्बन्धमा ध्यानाकर्षण गराएको थिएँ । नेपाली कांग्रेसले तत्काल बैठक बसेर पार्टी पंक्तिलाई परिचालन गर्ने र सरकारको सत्प्रयासमा साथ सहयोग गर्ने निर्णय गर्‍यो । सर्वदलीय बैठकमा नेपाली कांग्रेसका सभापतिज्यूले सरकारलाई स्पष्ट रूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको कुरा विदितै छ। नेपाली कांग्रेसले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एक करोड रूपैयाँ सहयोग गर्ने निर्णय गरिसकेको छ । म स्वयं बाढी प्रभावित क्षेत्रमा पुगेर वास्तविक अवस्था देखें, पीडा, आक्रोश र गुनासा सुनेँ । त्यहाँबाट फर्किएपछि सम्माननीय प्रधानमन्त्रीज्यूलाई भेटेर नौ बुँदे ध्यानाकर्षण गराइसकेको छु । सभामुखज्यूलाई पनि भेटेर संसद तत्काल आह्वान गर्न र विपदका विषयमा संसदमा छलफल गर्न आग्रह गरेको थिएँ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा स्वयं बाढी प्रभावित क्षेत्र मा पुगेर फर्किनुभएको छ । अहिले पनि नेपाली कांग्रेस आफ्नो पार्टी पंक्तिलाई सम्पूर्ण ढंगले परिचालन गरेको छ, फिल्डमा छ । त्यसैले म पुनः स्पष्ट पार्न चाहन्छु- विपदको यो क्षणमा सवैको साझा कर्तव्य हो- उद्धार, राहत, पुनर्स्थापनामा जुट्नु । नेपाली कांग्रेस सरकारको साथमा छ । हामी विपददको पीडा भोगिरहेका परिवारसँगै छौं ।

सभामुख महोदय, विपदमा सरकारको साथमा छौं भन्नुको अर्थ सरकारले गरेका सबै खत माफ भन्ने होइन । राम्रो काम गर्छ-साथ समर्थन छ, बाटो विराउँछ खबरदारी र प्रश्न छ । खास सहयोग यही होइन र ! प्रलयकारी त्यो बाढी आएको एक साता बितिसक्यो- सबै ठिक ठाक भइरहेको छ त ? जब ठिक ठाक हुँदैन हामीले मौनता साध्यौं खबरदारी गरेनौं र प्रश्न गरेनौं भने हामी जिम्मेवारी र कर्तव्यबाट विमुख रहेको ठहर्छ । त्यसैले यो पुर्वाग्रह होइन, प्रश्न हो । केही विषयमा ध्यानाकर्षण गर्नैपर्ने अवस्था भएर म यी विषय राख्न गएको छु । हामी सरकारलाई कमजोर होइन, प्रभावकारी बनाउन प्रश्न गरिरहेका छौं । म सभामुख महोदयमार्फत सम्माननीय सरकार र सत्तासिन साथीलाई विनम्रतापूर्वक आग्रह गर्न चाहान्छु- यो 'प्रचार होइन प्राण बचाउने समय हो' नागरिकको जीवनसंगको यो प्रश्नलाई गालीको विषय होइन आफैंभित्र समीक्षाको विषय बनाउनुहोला । अब म सरकारलाई यी ५ विषयमा गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

पहिलो- खोज तथा उद्धार अझै पनि ६२ जिल्लाका ३,९१६ जना नागरिक सम्पर्कविहीन भएको विवरण आएको छ । समयक्रममा यो अझै बढ्न सक्छ । सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा भएको ढिलाइ अमानवीय र गम्भीर विषय हो । शुरुदेखि नै सरकारी, निजी, आवश्यक पर्यो भने अन्तर्राष्ट्रिय प्रविधि र दक्ष टिमसहित उद्धारमा केन्द्रित हुनुपर्ने थियो । सम्बन्धित क्षेत्रका विज्ञहरूले भनेका थिए- सुरुङ उद्धारमा घटना भएको पहिलो ७२ घण्टालाई 'गोल्डेन आवर' मानिन्छ यसबीच उद्धार गर्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ तर, निजि र अन्तराष्ट्रिय सहयोग लिन ढिलाइ गर्दा थप क्षतिको जोखिममा थकेल्ने काम भयो ।

सभामुख महोदय, जब बाढी आएर सुरुङमा इन्जिनियर, प्राविधिक, श्रमिक फसे भन्ने समाचार आयो सञ्जालमा आएको एउटा तस्वीर यहाँ स्मरण गराउन चाहान्छु- देशको एकजना मन्त्री टनेलको बाहिर जानुभयो रातदिन खट्नुभयो, माटो आफैं खोस्रनुभयो । फोटो जुम गरेर हेरें, पसिना पनि देखे। सबैले वाह मन्त्री पनि भने । त्यस क्षणपछि मलाई एउटा प्रश्नले घोचिरहेको छ । सभामुख महोदय ! यदि त्यो सुरूङभित्र मन्त्रीको कोही परिवार वा आफन्तको सदस्य कोही भएको भए मन्त्रीजीले प्राविधिक विज्ञ र साधन खोजेर उद्धारमा जुट्नुहुन्थ्यो की मन्त्रीले माटो खोस्रेको फोटो भिडियो वाह मन्त्रीज्यू भन्न ? जसको परिवार त्यहाँभित्र छैन उसलाई त्यो फोटोमा वाह को प्रचार! आउँछ तर जसको सदस्य फसेको छ उसलाई त आफन्तको प्राणको चासो छ नि! स्मरण गराउन चाहान्छु २०७२ सालको विनाशकारी भूकम्पको समयमा नेपालले ठूलो संकट भोगेको थियो । तत्कालीन सरकारले अन्तर्राष्ट्रिय प्राविधिक सहयोगका लागि तुरुन्तै पहल गर्‍यो । विदेशी उद्धार तथा प्राविधिक टोलीहरू परिचालन भए । १२ घण्टामै टोली आउन सम्भव भयो । ३४ देशका ७६ खोज तथा उद्धार टोली आएका थिए । हामीले त्यो अनुभवबाट धेरै कुरा सिक्न सक्थ्यौं । त्यो सरकार कांग्रेसको नेतृत्वमा थियो भन्दैना सिक्न नहुने त पक्कै थिएन होला । सरकारले संसदलाई यसको जवाफ दिनुपर्छ । को नागरिक कहाँ कस्तो छ नजिकको सरकार स्थानीय सरकारलाई नसोध्ने, सम्बन्धित आयोजना र निजी क्षेत्रलाई जान नदिने, इन्जिनियर, प्राविधिक तथा विषयविज्ञहरूको कुरा नसुन्ने, आफु एक्सन नगर्ने, अरुलाई गर्न नदिने अनि सात दिन वितिसकेपछि हात उठाएर सरकारले भन्ने- सुरुङमा आफै खोज । यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ? यो असंवेदनशीलता त ढिलाईका कारण ति सुरुङभित्र भएको मृत्यु- मृत्यु हो कि हत्या सभामुख महोदय ? बारम्बार ध्यानाकर्षण गराउँदा पनि सरकार चुक्यो । यसको जिम्मा सरकारले लिनुपर्छ । यो मैले भनेको होइन ।

सभामुख महोदय, आफन्त खोजेका परिवारले भनेका थिए तर, उनीहरूमाथि गालीगलौज, धम्की र अपशब्द प्रयोग भए । म सरकार र सत्तासिन साथीलाई सोध्न चाहन्छु । संकटमा परेको नागरिकको आवाज सुन्ने कि दबाउने ? नागरिकलाई आश्वस्त पार्ने कि थप आतंकित बनाउने ? सभामुख महोदय, स्थलगत अबलोकन र उद्धारको पर्खाइमा पिडित परिवारका क्रन्दन सुनेपछि आज यो सदनमा भन्न बाध्य भएको छु । 'सरकार सामाजिक सञ्जालमा अल्झियो-जोखिम समुदायमा समयमा पुगेन, सरकार परिणाम दिन र प्राण जोगाउन भन्दा प्रचार मिलाउन लाग्यो । फिल्डमा भन्दा फेसबुकमा धेरै भयो । हल्लामा लाग्यो ।

दोस्रो- तहगत सरकारबीच समन्वय नेपाली कांग्रेसले बारम्बार भनेको छ-सबै तहका सरकार, निजी क्षेत्र, समुदायसँग समन्वय गरेर संघीय सरकारको नेतृत्वमा यो विपदको सामना गरौं । स्थानीय सरकार विपद र जोखिम क्षेत्रको अग्रभागमा छ- निजी क्षेत्र समुदाय संकटका बेला हरदम हातेमालो गर्न तयार छ। नागरिक पंति आफ्नै गाँस काटेर पनि खटिएको छ । स्थानीय सरकार विपद व्यबस्थापनमा प्रभाबकारी ढंगले काम गर्न सक्छ भन्ने उदाहरण कोभिड महामारीमा नै हामीले देखेका हौं । अहिले पनि कतिपय ठाउँमा आफ्ना-आफन्त र सर्वस्व गुमाएर पनि स्थानीय जनप्रतिनिधि व्यवस्थापनमा दौडिरहेका छन् । संविधानमा तिनै तहका सरकारको काम स्पष्ट उल्लेख गरिएको छ । हामीले भन्यौं- संघले नेतृत्व गरोस्, अरू कसले के के गर्ने कार्य विभाजन गरेर काम गरोस्- समन्वयमा काम होस् । तर फिटिक्कै समन्वय भएन । स्थानीय र प्रदेश सरकारसँग समन्वय छैन । हामी सबै भनिरहेका छौं- संकटमा साथमा छौं- सरकार भनिरहेको छ- हामी फरक हौं- हाम्रो मर्जीले गर्छौं । के यही हो त समन्वय। किन चाहियो सरकारकै दलको समानान्तर संरचना, किन चाहिए मन्त्री र सरकारका छुट्टाछुट्टै संरचना- फोन बोकेका दलबल । यस्ता गतिविधिले उद्धार राहत पुनर्स्थापनालाई सहयोग पुग्ला को अवरोध ? त्यसैले हाम्रो आग्रह छ, सबैखाले समानान्तर प्रचारमुखी गतिविधिले सरकार अल्मलाएको छ- संघीय सरकारले नेतृत्व गरोस्, निजी क्षेत्र लगायत सबैलाई समन्वय गरोस्, जिम्मेवारी बाँडफाँड गरोस् ।

तेस्रो- शव खोजी, पहिचान र व्यवस्थापन बाढीमा हराएका नागरिकको परिवारका लागि समय कति पीडादायी हुन्छ भन्ने हामी कल्पना गर्न सक्छौं । आफ्नो परिवारको सदस्य जीवित छन् कि छैनन् भन्ने अनिश्चिततामा बस्नु आफैंमा ठूलो यातना हो । त्यसैले शव खोजी, पहिचान, डीएनए परीक्षण, सुरक्षित व्यवस्थापन, परिवारलाई हस्तान्तरण र आफ्नो संस्कृति अनुसार अन्तिम संस्कार गर्न पाउने अधिकारको सम्मान गर्दै अत्यन्तै संवेदनशीलताका साथ सरऽकारले काम गरोस् । यो केवल तथ्यांक होइन । यसमा परिवारको जीवन जोडिएको छ । 'शव पहिचान गरेर अन्तिम संस्कार गर्न पाउँ भन्ने परिवारका सदस्यलाई 'एक-एक वटा शव घर-घर पठाइदिउँ फ्रिजमा राख्छन्' भनेर ओठे जवाफ फर्काउँदा ति पिडित परिवारको मनमा के भयो होला ? सोच्नुहोस् त !

चौथो- राहत वितरणमा पारदर्शिता र समन्याय राहतको नाममा फेरि अर्को असमानता सिर्जना हुनु हुँदैन । राहत पहुँचका आधारमा होइन, आवश्यकताका आधारमा वितरण हुनुपर्छ । राहत कहाँ आवश्यक छ, कसलाई आवश्यक छ, के आवश्यक छ सबैभन्दा बढी स्थानीय सरकारलाई थाहा हुन्छ । स्थानीय सरकारसँग पीडितको वास्तविक विवरण हुन्छ । कसको घर बग्यो, कसले परिवारको सदस्य गुमायो, को विस्थापित भयो भन्ने जानकारी स्थानीय तहसँग हुन्छ । त्यसैले, संघीय सरकारले स्रोतको जोहो गरोस् प्रदेशले व्यवस्थापन गरोस् वितरण स्थानीय सरकारमार्फत होस् ।

पाँचौ- पुनर्स्थापना र पुनर्निर्माण यो विपदले घर मात्र बगाएको छैन, परिवार आफन्त समुदाय सम्पत्ति सबै तहसनहस पारेको छ । व्यक्तिको जीविकाको आधार भत्काएको छ । उपायहीन बनाएको छ । तत्काल अवरुद्ध पूर्वाधार सूचारू गर्न तहगत सरकारको समन्वय र जिम्मेवारी लिऔं । ठुला पूल सडक विद्युत संघले हेरोस्, मध्येम पूर्वाधार बेलिबृज प्रदेश र अन्य स्थानीय व्यवस्थापन स्थानीय तहमार्फत गरौं । विषय तत्कालको मात्र छैन, जलवायु परिवर्तनले हाम्रो जोखिमको स्वरूप बदलिरहेको छ । हिमालदेखि तराईसम्म जोखिम बढिरहेको छ । नदीको बहाव, वर्षाको प्रकृति, भूक्षय, हिमतालको जोखिम, पहिरो र डुबानका स्वरूप बदलिरहेका छन् । त्यसैले अब हामीले 'विपद आएपछि उद्धार गर्ने र राहत खोज्ने' विकास मोडलबाट 'विपदको जोखिम घटाएर विकास गर्ने' मोडलमा जानुपर्छ । यो केवल सरकारको एउटा मन्त्रालयको जिम्मेवारी होइन । अब विकासको प्रत्येक निर्णयमा जलवायु संकट र विपद जोखिमको प्रश्न जोडिनुपर्छ । हाम्रा संरचना, हाम्रो विकासको मोडल, हाम्रा कानूनलाई यो आँखाबाट हेर्नुपर्ने अवस्था आएको छ । अन्तर्राष्ट्रिय मञ्चमा राख्ने हाम्रा विषयलाई यो पक्षबाट हेर्नुपर्ने भएको छ । अन्तर्राष्ट्रिय जलवायु वित्त, प्रविधि हस्तान्तरण, अनुकूलन तथा क्षतिपूर्ति सम्बन्धी विषयमा नेपालले अझ सशक्त कूटनीतिक पहल गर्नुपर्नेछ ।

अन्त्यमा, सभामुख महोदय, पुनःस्पष्ट गर्न चाहान्छौं- मैले यी सबै ध्यानाकर्षण सरकारलाई कमजोर बनाउन होइन सफल बनाउन गरिरहेको छु । हामीले सरकारलाई पर्याप्त सहयोग गरेका छौं । अझै सहयोग गर्न तयार छौं । तर, सहयोग गर्नु भनेको सरकारले गरेका हरेक कामको जयजयकार गर्नु मात्र होइन । साथमा हुनुको अर्थ मौन बस्नु पनि त होइन । त्यसैले सरकारले समयमै समीक्षा गरेर समन्वयमा काम गरोस्, परिणाम दिने काम गररोस् । सभामुख मार्फत आग्रह गर्न चाहान्छु- यस्तो प्रकृतिको विपद्को तत्कालीन व्यवस्थापनदेखि दीर्घकालीन पुनर्स्थापना, पुनर्निर्माण, विपद जोखिम न्यूनीकरण, सरकारका कामको अनुगमन तथा आवश्यक मार्गनिर्देशनका लागि संसदीय उच्चस्तरीय विशेष समिति गठन गरौं ।

यो सरकारलाई अझ जिम्मेवार र प्रभावकारी बनाउने संसदीय प्रयास हो । अन्त्यमा पुन भन्न चाहान्छु- जहाँ सरकारलाई सहयोग चाहिन्छ, त्यहाँ नेपाली कांग्रेस सहयोग गर्छ । जहाँ सरकारलाई खबरदारी चाहिन्छ, त्यहाँ नेपाली कांग्रेस खबरदारी गर्छ । जहाँ नागरिकको जीवनको प्रश्न हुन्छ, त्यहाँ नेपाली कांग्रेस कुनै सम्झौता गर्दैन । अहिले एउटै प्राथमिकता हुनुपर्छ । पहिलो प्राण बचाऔं । बेपत्ताको खोजी गरौं । पीडितलाई राहत दिऔं । विस्थापितलाई सुरक्षित बनाऔं । र, त्यसपछि सँगसँगै पुनर्स्थापना र पुनर्निर्माणको काम अघि बढाऔं । किनकि, यो प्रचार गर्ने समय होइन । प्राण बचाउने समय हो । यो दोषारोपण गर्ने समय होइन । जिम्मेवारी पूरा गर्ने समय हो । यो राजनीतिक संख्या खोज्ने समय होइन । राष्ट्र एक भएर नागरिकको जीवन जोगाउने समय हो । धन्यवाद ! जय नेपाल !'

## 'नेपालको छातीमा साझा बज्रपात हो' : प्रधानमन्त्री

**काठमाडौं ।** प्रधानमन्त्री बालेन्द्र शाहले रसुवा बाढीबारे प्रतिनिधिसभामा सम्बोधन गर्दै सरकारका तर्फबाट बैठकलाई औपचारिक जानकारी गराएका छन् । बैठकलाई सम्बोधन गर्दै शरीर थकित भए पनि विश्राम लिने छुट नभएको उनले बताए ।

भोटेकोशी बाढीको ७ दिनपछि प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री शाहले सम्बोधन गरेका हुन् । भोटेकोशी–त्रिशुली बाढीका कारण हालसम्म एक हजारभन्दा धेरै नेपाली नागरिकहरूले ज्यान गुमाएका छन् ।अझै पनि झण्डै ३ हजार बेपत्ता छन् । प्रतिनिधि सभा बैठकमा सम्बोधन गर्दै शाहले 'आफ्नो मान्छे अझै फेला नपरेर बाटो हेरिरहनुभएको नागरिकहरूको पीडामा गहिरो महसुस गरेको' बताएका छन् । 'यो पीडा रसुवा नुवाकोट वा धादिङको मात्र होइन। सिंगो नेपालको छातीमा परेको साझा बज्रपात हो' शाहले भने, 'तर यतिबेला हामीलाई शरिर थकित भयो भनेर विश्राम लिने छुट छैन । मन भक्कानिँदा एक आपसमा बिलौना गर्ने समय छैन ।'

आँशुभन्दा पनि जनतालाई आडभरोसा दिने उनले बताए । 'संकटको यो घडीमा देशको नेतृत्वले आँसु हैन जनतालाई हिम्मत आड र भरोसा दिनुपर्छ भन्ने यथार्थ स्वीकारेका छौं' उनको भनाइ थियो 'दृढ संकल्प र साहसका साथ यो विपत्तीमा लड्नुको विकल्प थिएन र छैन ।'

## बाढीका कारण १६ सयभन्दा बढीको मृत्यु : प्राधिकरण

**काठमाडौं ।** भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण १ हजार ६ सयभन्दा बढीको मृत्यु भएको छ । बिहीबार बिहानसम्म १ हजार ६ सय ५५ जनाको शव फेला परेको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

बाढीका कारण चार हजार भन्दा बढि सम्पर्कविहीन हुनुका साथै करिब १२ हजार जनाको उद्धार गरिएको छ । बाढीपछि राहत तथा उद्धार कार्यसँगै सम्पर्कविहीनको खोजीलाई प्राथमिकताका साथ अघि बढाइएको प्राधिकरणले जानकारी दिएको हो ।

सुरक्षाकर्मीले नदी किनार, बाढी प्रभावित बस्ती, सडक तथा पहिरो प्रभावित क्षेत्रमा खोजी गरिरहेका छन् । बाढीका कारण ठूलो मानवीय क्षति हुनाका साथै हजारौं नागरिक अझै सम्पर्कविहिन रहेकाले खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ । बाढीका कारण मृत्यु भएकाहरूमध्ये केहिको शव पहिचान गरि आफन्तजनलाई बुझाइएको छ भने विभिन्न स्थानमा फेला परि पहिचान हुन नसकेका शवहरूलाई जमिनमा सुरक्षित रूपमा गाडिएको छ ।

## प्राकृतिक विपत्तिको अवस्थामा राष्ट्रिय सहमति आवश्यक : बादल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले राष्ट्रिय सहमति र सामूहिक पहलबाट मात्रै विद्यमान प्राकृतिक विपत्तिपछिको संकटको सामना गर्न सकिने बताएका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा दलीय आधारमा सम्बोधन गर्दै नेता थापाले उद्धार, राहत र समन्वयमा प्रभावकारी काम गर्न सक्नुपर्नेमा जोड दिएका हुन् ।

रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको विनासकारी बाढीमा परेर दिवंगत भएकाहरूप्रति श्रद्धाञ्जली दिँदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे । उनले बेपत्ता भएकाहरूको खोजी र राहत तथा पुनर्स्थापनामा योजनाबद्ध कामका लागि सामूहिक र संगठित प्रयास गर्नुपर्ने बताए । सरकार सदनप्रति पूर्ण उत्तरदायी हुनुपर्ने तथा सरकारले राजनीतिक दल र विज्ञहरूको सर्वपक्षीय संयन्त्र गठन गर्नुपर्ने थापाको प्रस्ताव थियो ।

पूर्वरक्षामन्त्री थापाले अन्तर्राष्ट्रिय सहयोग र समन्वय गर्न परराष्ट्रमन्त्रीको नेतृत्वमा विशेष कार्यदल, युद्धस्तरमा उद्धार र राहत कार्यका लागि रक्षामन्त्रीको नेतृत्वमा एकीकृत विशेष कार्यदल र क्षतिको समग्र मूल्यांकन र पुनर्निर्माणका लागि अर्थमन्त्रीको नेतृत्वमा विशेष कार्यदल गठन गर्न सुझाव दिए । उनले जलवायु संकटले नेपालले खेपिरहेका समस्याबारे सगरमाथा संवादको दोस्रो संस्करणलाई आयोजना गर्न पनि आग्रह गरे ।

## सुरुङ उद्धारका लागि खासै विशेष प्रविधि चाहिँदैन : कुलमान

**काठमाडौं ।** उज्यालो नेपाल पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री कुलमान घिसिङले पनि जलविद्युत परियोजनामा फसेका मानिसको उद्धारका लागि कुनै विशेष प्रविधि नचाहिने बताएका छन् । यही भदौ १० को भोटेकोसी बाढीले गरेको जनधनको क्षतिलाई लिएर बिहीबार प्रधानमन्त्री बालेन्द्र शाहसँग भेट गरेपछि घिसिङले पर्याप्त उपकरण घटनास्थलमा पुऱ्याएर उद्धार प्रभावकारी बनाउनुपर्ने बताएका हुन् । उज्यालो नेपाल पार्टीका पदाधिकारीलाई साथै लिएर प्रधानमन्त्री शाहलाई भेट्न सिंहदरबार पुगेका घिसिङले उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सरकारलाई सुझाव समेत दिएको बताए । केही दिनअघि बाढी प्रभावित क्षेत्र पुगेका घिसिङले बाढीग्रस्त क्षेत्रमा आफूले भोगेका र देखेका समस्या समाधानका उपाय प्रधानमन्त्री शाहलाई सुझाएको बताएका छन् ।

प्रधानमन्त्री शाहले घिसिङसँग जलविद्युत आयोजनाको सुरुङभित्र थुनिएका मानिसको उद्धार सम्बन्धमा विशेष चासो राखेका थिए । 'मुख्यगरी जलविद्युत आयोजनाको सुरुङभित्र थुनिएका साथीहरूलाई कसरी उद्धार गर्ने भन्नेबारे उनको जिज्ञासा र चासो थियो । त्यसबारे हामीले बुझेका र गर्नुपर्ने कामहरू उहाँ समक्ष राखेका छौं,' घिसिङको भनाइ थियो 'जस्तोसुकै काम गर्नुपरे पनि सुरुङमा फसेकाहरूको उद्धारका लागि सबै स्रोत परिचालन गर्ने उहाँले भन्नु भएको छ ।'

उनले देशभित्र भएका स्रोतसाधनले नपुगे विदेशबाट भए पनि झिकाएर सुरुङ उद्धारलाई प्रभावकारी बनाउने प्रधानमन्त्री शाहले भनेको बताए ।

बुधबार संसदको रोस्ट्रममा उभिएर प्रधानमन्त्री शाहले सुरुङ उद्धारका लागि कुनै प्रविधि नभएको भन्दै दिएको प्रतिक्रियालाई घिसिङ पनि सहमत देखिएका छन् । 'विशेष प्रविधि भन्ने त केही पनि हुँदैन । कामैले गर्ने हो । हामीले घटनास्थलमा आवश्यक उपकरणहरू लैजानुपऱ्यो । उद्धार टोली हुनुपऱ्यो ।

टिमले मात्रै नपुग्ने भएकाले पर्याप्त उपकरण पुग्नुपऱ्यो । मुख्य समस्या भनेकै त्यहाँ उपकरण पुऱ्याउन गाह्रो भएकाले हो,' घिसिङले भने । उनले पर्याप्त उपकरण त्यहाँ पुऱ्याएर सुरुङमा जमेको गेग्रान, ढुंगा हटाएर उद्धार प्रभावकारी हुने बताए । यसका लागि कुनै विशेष प्रविधि नचाहिने घिसिङको भनाइ थियो ।

## असहमतिका बाबजुद उद्धार, राहत र पुनर्स्थापनाका लागि तयार छौं : राई

**काठमाडौं ।** श्रम, संस्कृति पार्टीका सांसद धुवराज राईले रसुवाको भोटेकोशीमा आएको बाढीपीडितको उद्धार, राहत र पुनर्स्थापनामा आवश्यकताअनुसार श्रमदान गरिने बताएका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकमा सरकारसँग विभिन्न मुद्दामा असहमति भए पनि विपदमा साथ दिन श्रमदाता खटाउने प्रस्ताव गरेका हुन् । उद्धारमा समन्वय नभएकाले पीडित पक्षबाट गुनासो आएको उल्लेख गर्दै उनले आवश्यक उपकरणसहित दक्ष जनशक्ति प्रयोग नभएकोतर्फ सरकारको ध्यानाकर्षण गराए । 'सरकारको आलोचना भोलि गरौंला, पीडितले अझै पर्याप्त राहत पाउन नसकेको गुनासो छ, राहतको ढोका बन्द नगरी खोल्ने समय हो, राहत वितरण पारदर्शी र व्यवस्थित गरौं, पीडित परिवारलाई प्रियजनको अन्तिम बिदाइ गर्ने अवसर दिइनुपर्छ' सांसद राईको भनाइ थियो । जलवायु कोषलगायत अन्तर्राष्ट्रिय कोषबाट सहयोगको प्रयास गर्नुपर्नेमा जोड दिँदै राईले अर्को हिमबाढी आउनुअघि नेपालले कत्तिको तयारी गर्ने हो त्यो हेर्न बाँकी रहेको बताए ।

प्रतिनिधिसभाको सोही बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी, संसदीय दलका नेता ज्ञानेन्द्रबहादुर शाहीले भोटेकोशी बाढीबाट प्रभावितको उद्धार र राहतमा सबै मिलेर काम गर्नुपर्ने बताए । बैठकमा उनले विपदमा आरोप प्रत्यारोप नभई आफ्नो पार्टीले सरकारलाई खोज, उद्धार र राहतमा साथ दिइरहेका र सरकार मिलेर काम गरिरहेको बताए । उनले अन्तर्राष्ट्रिय निकायसँगै राज्यका सबै सरकारको साथमा उभिन आग्रह गरे । राज्यका स्रोतसाधन परिचालन गर्ने कार्यकारी अधिकार र दायित्व सरकारसँग भएकाले यसमा सरकार अग्रपंक्तिमा रहेर काम गर्नुपर्ने उनको भनाइ थियो । यस्तो अवस्थामा संघीय सरकारले प्रदेश र स्थानीय तहलाई पनि सँगै परिचालन गर्नुपर्ने बताए । सुरुङमा अहिले पनि जिवित व्यक्ति हुनसक्ने उल्लेख गर्दै नेता शाही विज्ञ र जानकारी भएका व्यक्तिको सहयोग लिएर खोजी तथा उद्धारको जुट्न सुझाव दिए ।

## सदरमुकाम र काठमाडौंमा राहतको थुप्रो, पीडित भोकभोकै

**काठमाडौं ।** बाढीपछि रसुवा सदरमुकाम धुन्चेको सैनिक ब्यारेकको गोदाममा ४० हजार किलो राहत सामग्री थुप्रिए पनि बाढीबाट प्रभावित आमाछोदिङ गाउँपालिकास्थित ठूलो हाकुमा रहेका नागरिकले जम्मा ८ बोरा राहत सामग्री पाएका छन् ।

सेनाले दिएको राहत सामग्रीमा खाद्यान्न, औषधिदेखि दैनिक उपभोग्य वस्तुहरू भए पनि पालिकामा बिजुली नभएकाले लाइट, फोन सम्पर्कका लागि सोलार प्यानल र खान पकाउने ग्याँस समेत अभाव भएको स्थानीयले बताएका हुन् । 'ठूलो हाकुमा सेनाले हालै होलिकोप्टरमार्फत् ८ बोरा सामान झाऱ्यो' वडाध्यक्ष साङ लामा तामाङले भने 'हाकुबेसीमा चाहिँ ३ देखि ४ पटक गरेर ५०/६० बोरा सामान झऱ्यो ।' तिब्बततर्फबाट आएको बाढीपछि यो क्षेत्रबाट कम्तीमा ७० जना बेपत्ता छन्, एक जनाको शव भेटिएको छ । अहिले खाद्यान्न अभाव हुँदा फेरि अर्को समस्या सिर्जना हुन लागेको जनप्रतिनिधिहरू बताउँछन् । वडाध्यक्ष तामाङका अनुसार, गाउँमा खाद्यान्नको समस्या भएपछि उनी धुन्चे आएर नेपाली सेनासँग राहत सामग्रीको संख्या बढाइदिन अनुरोध गरिरहेका छन् । उनले होलिकोप्टरमार्फत केही सामग्री गाउँमा लैजान खोजेका थिए । तर, अवतरण गर्न नसकेपछि फर्किनु परेको थियो । 'अहिले राहतका लागि एउटा मात्र हेलिकोप्टर छुट्याइएको छ, उद्धारदेखि शवको खोजीमा पनि परिचालित भएकाले संख्या बढाउन नसकिएको उहाँहरूको कुरा छ,' तामाङले भने, 'लामो समय हेलिकोप्टरको भर पर्दा झन् समस्या हुने भएकाले सडक सञ्जाललाई जोड्नलाई समेत पहल गरिरहेका छौं । कम्तीमा फोलुङ्गे पुल मात्र राख्न सकिए पनि केही दिनलाई बोकेर लान सकिन्थ्यो कि भन्नेमा छौं ।'

उनका अनुसार ठूलो हाकुमा डेढदेखि दुई सय घरपरिवार बसोबास गर्दै आएका छन् भने हाकुबेँसीमा १५० परिवार बस्दै आएको छ । काठमाडौंबाट टोखा–छहरे–गड्खार–आप्र–नर्जा–लच्याङ–सरमथली–पाटीखर्क हुँदै बोगटीटार–कालिकास्थान–धुन्चे पुग्ने बाटो खुलेयता अहिलेसम्म सदरमुकाममा ९१ हजार किलो खाद्यान्न पुगेको छ । स्थलमार्गमा राहत लिएर हिँडेका ट्रकहरू पनि प्रशस्तै देखिन्छन् । सडक र हवाई मार्ग दुवैबाट आएको सामग्रीलाई २४ स्थानमा वितरण गरिसकेको नेपाली सेनाका सहायक रथी उज्जवल विक्रम राणा बताउँछन् । तर, अझै सबै ठाउँमा पुऱ्याउन कठिनाइ भइरहेको छ । 'सेनासँग भएको इक्वेरल हेलिकोप्टरमार्फत खाद्यान्न ढुवानी भइरहेको छ, यसले एकदिनमा ४०० किलोसम्म सामग्री बोक्छ,' उनले भने, 'सकेसम्म धेरै र सबैलाई पुग्ने गरी राहत पुऱ्याउने कोसिस गरिरहेका छौं ।'



- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, शंखरापुर
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोदावरी
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, महालक्ष्मी
कमलपोखरी, ललितपुर
बागमती प्रदेश, नेपाल

- नगरपालिकाद्वारा निर्धारित मापदण्ड कार्यान्वयनमा सहयोग गरौँ ।
- नगरपालिकाद्वारा निर्धारित नक्सा स्वीकृत गरेर मात्र घर-टहरा निर्माण गरौँ ।
- नगरपालिकाद्वारा लगाइएको कर-शुल्क करले होइन, रहरले तिरौँ ।
- नगर सफाइमा सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरौँ ।
- जन्म, विवाह, मृत्यु, बसाइँसराइ, सम्बन्ध-विच्छेद जस्ता घटनाहरू समयमै वडा कार्यालयमा गई दर्ता गरौँ ।

## नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नागार्जुन
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल

## सरकारलाई पूर्वअर्थ...

१. जलविद्युत् आयोजनाको सुरुङ, विद्युत गृहलगायतका स्थानमा हराइरहेकाहरूको प्रभावकारी खोजी र उद्धार ।
२. राहत वितरणलाई प्रभावकारी र न्यायोचित बनाउने । वृद्धवृद्धा, सुत्केरी, बालबालिका, गर्भवती, बिरामीहरूलाई प्राथमिकीकरण गर्ने ।
३. प्रभावितहरूका लागि स्वास्थ्य उपचार तथा मनोपरामर्शको व्यवस्था गर्ने ।
४. तत्काल सुरक्षित ठाउँको पहिचान गरी अस्थायी आवासको व्यवस्थापन गर्ने ।
५. वैकल्पिक व्यवस्था गरी विद्यालय सञ्चालन र विद्यार्थीको पठनपाठनलाई सुचारु गर्ने । आमाबुवा दुवैजना गुमाएका बालबालिकाहरूको स्नातकसम्मको शिक्षाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने ।
६. स्वास्थ्य, खानेपानी, विद्युत्, सञ्चारसहित सेवा प्रवाह गर्ने कार्यालयहरूको वैकल्पिक व्यवस्था गरी सेवा सुचारु गर्ने ।
७. नदी तटीय क्षेत्रको नयाँ मापदण्ड बनाई त्रिशूली सभ्यता पुनर्स्थापना गर्ने । ल्यान्ड पुलिङमार्फत योजनाबद्ध आवास निर्माण गरी प्रभावितहरूलाई हस्तान्तरणको व्यवस्था गर्ने ।
८. व्यावसायिक क्षतिको मूल्याङ्कन गरी व्यावसायिक पुनर्स्थापनाका लागि विशेष राहत प्याकेज घोषणा गर्ने ।
९. राष्ट्रिय हिमालय जलवायु तथा विपद् कोष स्थापना हिमनदी पग्लने क्रम, हिमतालको जोखिम, चट्टान-हिमपहिरो, हिमपहिरो, बाढी तथा पहिरोजस्ता जलवायुजन्य हिमाली विपद न्यूनीकरणका लागि 'राष्ट्रिय हिमालय जलवायु तथा विपद् कोष' स्थापना गर्ने । नेपाल सरकार, न्चभभल ऋष्बितभ ँगलम, ब्मबउतबतष्यल ँगलम तथा अन्य अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालन गरी हिमाली क्षेत्रमा पूर्वसूचना, अनुसन्धान, अनुकूलन र सुरक्षित पूर्वाधार विकासमा लगानी गर्ने ।
१०. राष्ट्रिय हिमालय विपद् फरेन्सिक अनुसन्धान केन्द्र ठूला हिमाली विपद्लाई घटनापछि राहत र क्षतिको हिसाबमा मात्र सीमित नगरी वैज्ञानिक रूपमा अनुसन्धान गर्न 'राष्ट्रिय हिमालय विपद् फरेन्सिक अनुसन्धान केन्द्र' स्थापना गर्ने । रसुवा-भोटेकोशी जस्ता घटनामा हिमनदी, चट्टान-हिमपहिरो, पानी, गेग्रान र नदीको संयुक्त तथा क्रमिक प्रभावको वैज्ञानिक अध्ययन गरी भविष्यका जोखिम न्यूनीकरणको पूर्वतयारी गर्ने ।
११. राष्ट्रिय हिमालय पूर्वसूचना तथा निगरानी सञ्जाल हिमाली क्षेत्रमा भूकम्पमापन यन्त्र, ग्लोबल नेभिगेसन स्याटलाइट सिस्टम ( जीएनएसएस) , स्वचालित क्यामेरा, नदीको जलस्तर मापन, मौसम केन्द्र, हिमताल निगरानी, ड्रोन तथा उपग्रह प्रविधिलाई एउटै प्रणालीमा जोडेर 'राष्ट्रिय हिमालय पूर्वसूचना तथा निगरानी सञ्जाल' निर्माण गर्नेऽ । सम्भावित विपद्को सूचना जोखिममा रहेका समुदायसम्म तत्काल पुऱ्याउने व्यवस्था गर्ने ।
१२. नेपाल-चीन संयुक्त हिमालय विपद् निगरानी तथा अनुसन्धान संयन्त्र सीमावर्ती हिमालयमा नेपाल र चीनबीच हिमनदी, हिमताल, भूकम्पीय गतिविधि, मौसम, नदीको बहाव तथा भू-आकृतिक परिवर्तनसम्बन्धी तथ्याङ्क वास्तविक समयमा आदानप्रदान गर्न स्थायी संयन्त्र स्थापना गर्ने । संयुक्त वैज्ञानिक टोलीद्वारा नियमित क्षेत्रीय अध्ययन गर्ने ।
१३. जोखिममा रहेका बस्ती तथा पूर्वाधारको वैज्ञानिक पुनर्स्थापना विपद्ले क्षति पुर्‍याएका सडक, पुल, बजार, बस्ती तथा जलविद्युत् संरचनाको पुनर्निर्माणअघि विस्तृत बहुविपद जोखिम मूल्यांकन गर्ने र सोको आधारमा सुरक्षित स्थानमा पुनर्स्थापना तथा जलवायु-प्रतिरोधी पूर्वाधार निर्माण गर्ने ।
१४. राष्ट्रिय हिमाली विपद द्रुत प्रतिकार्य तथा वैज्ञानिक टोली नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, इन्जिनियरिङ, भूगर्भविद्, जलविज्ञ, मौसमविद्, इन्जिनियर, ड्रोन तथा उपग्रह विज्ञ र पर्वतारोही उद्धारक सम्मिलित 'राष्ट्रिय हिमाली विपद द्रुत प्रतिकार्य तथा वैज्ञानिक टोली' गठन गर्ने । यसले उद्धारसँगै घटनास्थलको वैज्ञानिक प्रमाण संकलन, जोखिम मूल्यांकन र तत्काल प्राविधिक निर्णयमा सहयोग गर्ने ।
१५. नेपाललाई ू ज्ड्डबबिथबल म्ष्कबकतभच च्भकषष्भिलअभू देश बनाउने हिमाली क्षेत्रको बहुविपद जोखिम नक्सा, पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती योजना, जलवायु-प्रतिरोधी पूर्वाधार र नियमित वैज्ञानिक जोखिम मूल्यांकन अनिवार्य गर्ने । रसुवा-भोटेकोशीलाई नमुना बनाएर हिमाली क्षेत्रमा नयाँ राष्ट्रिय मापदण्ड लागू गर्ने । "रसुवाको पुनर्निर्माण मात्र होइन, रसुवाबाट नेपालको नयाँ हिमाली विपद व्यवस्थापन प्रणालीको सुरुआत गरौं ।" "अन्तर्राष्ट्रिय जलवायु वित्तलाई हिमालयको सुरक्षा, अनुकूलन, पूर्वसूचना र विपद प्रतिरोधी पूर्वाधारसँग प्रत्यक्ष जोडौं ।" भन्ने नारासहित नेपाललाई "ज्ड्डबबिथबल म्ष्कबकतभच च्भकषष्भिलअभ" देश बनाउने ।
१६. प्रभावित क्षेत्रको पुनर्निर्माण तथा भावी जोखिम न्यूनीकरणका लागि सरकारले दातृ सम्मेलन आयोजना गर्ने ।
१७. विश्वव्यापी कार्बन उत्सर्जन, जलवायु परिवर्तन, विश्वव्यापी तापमान वृद्धिका कारणले हिमालय क्षेत्रमा भएको विपद्को वृद्धि तथा रसुवा-भोटेकोशी महाविपत्ति आएको तथ्य अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्ने र क्षतिपूर्ति दाबी गर्ने । यसका लागि सम्माननीय प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा सहभागी भई विश्व समुदायलाई अपील गर्नोटस ।
१८. सरकारले सर्वदलीय बैठक, राष्ट्रिय समन्वय परिषदको बैठक तथा सबै पक्षसँग आवश्यक बैठक तथा परामर्श गरेर एकीकृत राष्ट्रिय शक्ति निर्माण गरी यो महाविपत्तिको सामना गर्ने ।

त्यसअघि प्रधानमन्त्री शाहले उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङसँग समेत भेट गरेको प्रधानमन्त्रीको सचिवालयले बताएको छ ।

## कसैको पनि अनुहार...

सँगसँगै जनपरिचालन गर्नुपर्छ ।' उनले संघ, प्रदेश र स्थानीय सरकारसँगै जनप्रतिनिधिलाई पनि विपदको अवस्थामा थप क्रियाशील बनाइनुपर्नेमा जोड दिए ।

२०७२ को भूकम्पलगायत राष्ट्रिय संकटको घडीमा विपक्षीका रूपमा आफूहरूले सरकारलाई साथ दिएको स्मरण गर्दै संयोजक दाहालले बाढीपश्चात खोज, उद्धार र राहत वितरणमा सरकारको गम्भीर ध्यान जानुपर्ने बताए । 'बाढीपछिको उद्धारमा कमिकमजोरी देखिए त्यसलाई सच्याएर जानुपर्छ, राहत, तत्काल पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणमा सरकारका गम्भीर बन्नुपर्छ' उनले भने 'राष्ट्रिय एकता, समन्वय र सहकार्यको नेतृत्व गर्ने सरकारलाई अवसर छ, यसतर्फ सरकार र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी गम्भीर हुनुपर्छ ।' जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा जोखिम बढिरहेको उल्लेख गर्दै नेपालले जलवायु न्यायको विषयलाई थप सशक्त रूपमा उठाउनुपर्नेमा पनि संयोजक प्रचण्डले जोड दिए ।


**साक्षर समाज - सक्षम राष्ट्र !**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ । साक्षरता भनेको केवल पढ्न-लेख्न जान्नु मात्र होइन; यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।

**शिक्षा :**

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरका लागि,
- लैङ्गिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानका लागि,
- अधिकार र कर्तव्यबोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तीकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रका लागि ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं